धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा दक्ष मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३३७ ◆ २०८३ असार ९ गते मंगलबार, Tuesday, June 23, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## अत्यधिक गर्मीका कारण चार दिन बिदा

कैलाली । केही दिनदेखि गर्मी अत्यधिक बढेपछि धनगढी उपमहानगरपालिकाले सामुदायिक तथा संस्थागत विद्यालय चार दिनका लागि बिदा दिने निर्णय गरेको छ । बढ्दो गर्मीका कारण विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै उपमहानगर ले सामुदायिक तथा संस्थागत विद्यालयमा चार दिन बिदा दिने निर्णय गरेको हो ।

गर्मीका कारण विद्यालयमा अध्ययनरत् विद्यार्थीहरूमा विभिन्न स्वास्थ्य समस्या देखिन सक्ने सम्भावना रहेकाले त्यसको प्रतिकूल असरबाट बच्न र सुरक्षित रहन धनगढीभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा यही असार ९ गतेदेखि १२ गतेसम्म पठनपाठन स्थगित गर्ने निर्णय भएको उपमहानगरपालिका, शिक्षा शाखाद्वारा जारी सूचनामा उल्लेख छ ।

गर्मीका कारण विद्यार्थीहरूमा विभिन्न स्वास्थ्य समस्या देखिन सक्ने जोखिम बढेकाले वर्षे तथा हिउँदे बिदाबाट मिलान हुने गरी बिदा व्यवस्था गरिएको जारी सूचनामा उल्लेख गरिएको छ । साथै, उपमहानगरले शिक्षक, विद्यार्थी र अभिभावकलाई गर्मी तथा लु (तातो हावा) बाट बच्नका लागि सावधानीका उपायहरू अवलम्बन गर्नुहुन पनि अनुरोध गरेको छ ।

## रास्वपाको बन्दसत्र सऱ्यो

चितवन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनको बन्दसत्र सरेको छ । रास्वपाले अब बन्द सत्र मङ्गलबार बिहान ७ बजेपछि सुरु हुने जनाएको छ ।

रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार बिहान ७ बजेपछि बन्द सत्र गर्ने गरी सोमबारको बन्दसत्र स्थगित भएको हो । प्रतिनिधिहरु विरुद्धमा परेको उजुरीमाथिको छानबिनका लागि समय आवश्यक भएकाले बन्दसत्र सारिएको हो । बन्दसत्र उद्योग सङ्घको प्रदर्शनी केन्द्रमा हुँदैछ ।

उहाँका अनुसार बन्दसत्रको सुरुमा अनुशासन आयोगबाट रमाकान्त रिमालले अनुशासन आयोगको प्रतिवेदन प्रस्तुत गर्नुहुने छ । त्यसमा छलफल हुनेछ । सो पश्चात कोषाध्यक्ष लिमा अधिकारीको आर्थिक प्रतिवेदन प्रस्तुति र छलफल हुनेछ । कोषाध्यक्षको प्रतिवेदनपछि महामन्त्री कविन्द्र बुर्लाकोटीले सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्नुहुनेछ भने त्यसमाथि छलफल पनि हुनेछ । सो पश्चात पार्टीका सहमहामन्त्रीले विधानमाथिको छलफल र त्यसलाई अनुमोदन गराइने छ । विधान अनुमोदनपछि पार्टी सभापति रवि लामिछानेले राजनीतिक प्रतिवेदन पेस गर्नुहुनेछ भने उक्त प्रतिवेदनमा छलफल र अनुमोदन गरिने छ । पार्टी सभापति लामिछानेले अन्तरिम व्यवस्थापन समिति गठन घोषणा एवं आयोजक समितिले सम्पूर्ण जिम्मेवारी निर्वाचन आयोगलाई दिने तालिका छ ।

## स्वास्थ्य संस्थाबाट पाईने सेवाहरु

१. नियमित खोप कार्यक्रम ।
२. खोप सेवा संचालन भएको स्थानमा सरसफाई कार्यक्रम संचालन ।
३. मातृ तथा बाल स्वास्थ्यका लागी संस्थागत सुत्केरी ।
४. खोपबाट बचाउन सकिने रोगहरुको खोजपडताल अनुसन्धान ।
५. पोषण सेवा सुद्रीढीकरण (बृद्धि अनुगमन, कुपोषित बालबालिकाहरु लाई परामर्श ,उपचार तथा रेफर सेवा प्रदान )
६. एकिकृत जनस्वास्थ्य तथा पोषण अभियान तथा विशेषज्ञ शिविर अन्तर्गत बालबालिकाहरुलाई विशेषज्ञ सेवा ।
७. नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन कार्यक्रम (स्तनपान सम्बन्धि परामर्श, झाडापखला, ज्वरो,मलेरिया, बृद्धी अनुगमन,रक्तअल्पता, कानको समस्या, स्वासप्रस्वास मार्गमा हुने संक्रमण तथा गम्भिर प्रकृतीका स्वास्थ्य समस्याहरुको उपचार व्यवस्थापन)
८. प्रदेशमा बसोबास गर्ने अति सिमान्तकृत एवं लोपोन्मुख जातीको मातृ तथा बालस्वास्थ्य सेवामा सहज पहुंच पुर्याउन संस्थागत सुत्केरी र तिनको बालबालिकाले पूर्ण खोप लगाएको आमालाई रु ५ हजार उत्प्रेरणा
९. अस्पतालहरुमा २ महिना मुनिका बालबालिकाहरुमा हुन सक्ने स्वास्थ्य समस्याहरुलाई मध्यनजर गर्दै निशुल्क NICU सेवा संचालन ।
१०. प्रत्येक वर्ष वैशाख ६,७ र कार्तिक २,३ मा राष्ट्रीय भिटामिन ए र जुकाको औषधि खुवाउने कार्यक्रम ।

जनस्वास्थ्य कार्यालय, धादिङ

## अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोडिँदै पोखरा

*प्रत्यूष समाचारदाता*

गण्डकी । फ्लाइ दुबईले आगामी असोज ७ गतेदेखि पोखरा-दुबई सिधा उडान सेवा सुरु गर्दैछ । विश्वव्यापी हवाई ट्रान्जिट हब दुबईसम्मको सिधा उडानले पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्ने छ । सञ्चालनमा आएको तीन वर्ष बितिसक्दा समेत पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुन सकेको थिएन ।

सन् २०२५ को मार्चमा हिमालय एयरलाइन्सले पहिलोपटक पोखरा-ल्हासा नियमित व्यावसायिक उडान सुरू गरे पनि यात्रु सङ्ख्या न्यून हुँदा उक्त उडान सेवा हाल स्थगन छ । पोखरा-दुबई उडान पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट हुन लागेको दोस्रो व्यावसायिक उडान हो । यसअघि चीन, भारत र भुटानका विभिन्न गन्तव्यमा चार्टर उडान भने हुँदै आएको थियो ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले दुबई-पोखरा-दुबईको उडान तालिका स्वीकृत भएसँगै फ्लाइ दुबईले टिकट बुकिङ खुला गरिसकेको बताउनुभयो । "पोखराको अन्तरराष्ट्रिय हवाई पहुँच विस्तारमा यो महत्वपूर्ण उपलब्धि हो, यसले सिङ्गो गण्डकी प्रदेश र मुलुकलाई नै प्रत्यक्ष लाभ पुग्छ", उहाँले भन्नुभयो, "पोखरादेखि दुबई भएर युरोप, अमेरिकालगायत विभिन्न गन्तव्य मुलुकमा जाने यात्रुलाई धेरै सहजता थपिन्छ, यात्राअवधि छोटिँदा खर्च पनि घट्छ ।"

पर्यटकीय राजधानीसमेत रहेको पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटकहरु सिधैँ पोखरा आउन सक्ने महाप्रबन्धक निरौलाले बताउनुभयो । वैदेशिक रोजगारी, अध्ययन, घुमफिर आदिका लागि अरब मुलुकसहित अन्य देशमा जाने यात्रु तथा सर्वसाधारणका लागि पोखरा-दुबई उडान सेवा लाभदायी हुने देखिएको छ ।

विश्वकै व्यस्त र महत्वपूर्ण मानिने हवाई ट्रान्जिट हब दुबईमा हुने उडानले अन्तरराष्ट्रिय क्षेत्रमा पोखराको सिधा हवाई पहुँच पुग्ने पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँका अनुसार फ्लाइ दुबई र इमिरेट्स एयरलाइन्सबीच रणनीतिक कोडसेयर साझेदारीअन्तर्गत पोखरा-दुबई उडान सेवा सञ्चालन हुनेछ । पोखरादेखि अष्ट्रेलिया, युरोप वा अमेरिकी सहरहरुमा पुग्ने यात्रुहरुले एउटै टिकटबाट यात्रा गर्न सक्ने र गन्तव्यसम्म पुग्दा कुनै झण्झट नहुने प्रमुख आचार्यले बताउनुभयो ।

इमिरेट्स एयरलाइन्सले दुबई अन्तरराष्ट्रिय विमानस्थलको टर्मिनल ३ लाई आफ्नो प्रमुख हब बनाएर विश्वका छ वटा महादेशका ७६ देशमा रहेका १४३ भन्दाबढी देशहरुमा जोड्दै आएको उहाँको भनाइ छ । पोखरा अन्तरराष्ट्रिय विमानस्थलका महाप्रबन्धक निरौलाले एयरलाइन्सहरुबीच हुने कोडसेयर साझेदारीले यात्रुको ट्रान्जिटलाई सहज बनाउने बताउनुभयो । "पोखरादेखि दुबई हुँदै अन्य देशमा जाने यात्रुहरु एउटै टिकटबाट यात्रा गर्न सक्छन्, लगेज आफैँ सार्नुपर्ने झण्झट पनि हुँदैन", उहाँले भन्नुभयो, "दुबईसम्म एउटा विमानले यात्रु बोक्छ, त्यहाँ ट्रान्जिटपछि अर्को विमानले गन्तव्यमा पुऱ्याउँछ ।"

पोखरा-दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाइ दुबईलाई अनुमति दिएको थियो । त्यसअघि फ्लाइ दुबईको टोलीले पोखरा अन्तरराष्ट्रिय विमानस्थलको उच्चस्तरीय सुरक्षा, सेफ्टी तथा सञ्चालन सम्बन्धी निरीक्षण गरेको थियो ।

## बाहुनडाँगीमा हात्ती नियन्त्रण गर्न टास्कफोर्स परिचालन

*प्रत्यूष समाचारदाता*

झापा । हात्ती प्रभावित मेचीनगर नगरपालिका-४ बाहुनडाँगीमा सशस्त्र प्रहरी बलले थप जनशक्ति परिचालन गरेको छ । भारतबाट दर्जनौँको सङ्ख्यामा दिनहुँ भित्रिने जङ्गली हात्तीको बथानले क्षति पुर्याउन थालेपछि जनधनको सुरक्षा गरी हात्ती नियन्त्रण गर्ने उद्देश्यका साथ १० जना सुरक्षाकर्मी रहेको 'स्पेसल टास्कफोर्स' परिचालन गरिएको हो ।

'स्पेशल टास्कफोर्स' बाहुनडाँगी पठाइसकिएको बताउँदै सशस्त्र प्रहरी बल नेपालको नम्बर २ गणका सूचना अधिकारी सुमन पोखरेलले बाहुनडाँगी सुरक्षा पोस्टमा यसअघिदेखि २० जना सुरक्षाकर्मी रहँदै आएका जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अहिले हात्ती नियन्त्रण गर्न भनेर स्पेसल टास्कफोर्सअन्तर्गत १० जना सुरक्षाकर्मी थप गरिएको हो ।" मेचीनगर नगरपालिका-१ र ४ स्थित बाहुनडाँगी क्षेत्रमा भारतको आसाम र पश्चिम बङ्गालको वन्यजन्तु आरक्षण रहेको जङ्गलबाट नेपालमा हात्तीको बथान भित्रिने गरेका छन् । नौ दिनअघि हात्तीले मेचीनगर-४ की ६२ वर्षीय पदमा पौडेललाई घरमै आक्रमण गर्दा उहाँको मृत्यु भएको थियो भने केही महिनायता व्यापक मात्रामा अन्न र फलफूल बालीमा क्षति पुर्याइरहेको छ ।

हात्तीका कारण स्थानीयवासीले असुरक्षा महसुस गरेपछि झापा निर्वाचन क्षेत्र नं १ की प्रतिनिधिसभा सदस्य निशा डाँगीले प्रधानमन्त्री बालेन्द्र शाहलाई भेटेर स्पेशल टास्कफोर्स खटाउन माग गर्नुभएको थियो । सांसद डाँगीले बाहुनडाँगीमा हात्ती नियन्त्रणका लागि सुरक्षाकर्मीको स्पेशल टास्कफोर्स परिचालन हुने प्रतिबद्धता जनाउनुभएको थियो ।

प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले सशस्त्र प्रहरी, नेपाल प्रहरी र वन सुरक्षाकर्मी संलग्न स्पेसल टास्कफोर्स परिचालन गरिने बताउनुभयो । उहाँले केही सुरक्षाकर्मी हात्ती नियन्त्रणमा परिचालन भइसकेका जानकारी दिनुभयो । नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैको बाहुनडाँगी क्षेत्रमा सुरक्षा चौकी छन् । बाहुनडाँगी बजार, तिरिङ र नकलबन्दा सीमा क्षेत्रमा सशस्त्र प्रहरीको बिओपी र नेपाल प्रहरीको चौकी छ । स्पेसल टास्कफोर्समा परिचालित सुरक्षाकर्मी स्थानीयवासीको सुरक्षार्थ राति र दिउँसो गस्ती गर्ने, हात्ती धपाउने र आवश्यकता अनुसार जुनसुकै बेला पनि परिचालन हुने सशस्त्र प्रहरी बल नम्बर २ गणका सूचना अधिकारी पोखरेलले बताउनुभयो । हात्ती नियन्त्रणका लागि परिचालित प्रहरीको टोली बाहुनडाँगीस्थित ब्यारेकमा बसेको छ । "अहिले खटिएकाहरू का लागि छुट्टै ब्यारेकको व्यवस्था छैन", उहाँले भन्नुभयो, "बाहुनडाँगी ब्यारेकमा बस्ने व्यवस्था गरेका छौं ।" जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी रञ्जन अवाले बाहुनडाँगी मा पहिल्यैदेखि नेपाल प्रहरीको जनशक्ति तैनाथ रहेको जनाउँदै हात्ती नियन्त्रणका लागि भनेर जनशक्ति थप नगरिएको बताउनुभयो ।

## गैंडाकोटमा सवारी दुर्घटना हुँदा आठ जना घाइते

मध्यबिन्दु । पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत नवलपरासी(बर्दघाट सुस्तापूर्व)को गैंडाकोट नगरपालिका-१० पितौजीमा आज साँझ इभी हाइस दुर्घटना हुँदा आठ जना घाइते भएका छन् । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको छ ।

पोखराबाट कृष्णनगर कपिलवस्तु तर्फ जाँदै गरेको बागमती प्रदेश ०२-०३ च १२०५ नम्बरको विद्युतीय सवारी (इभी) हाइस अनियन्त्रित भई सडकमा पल्टिएको थियो । दुर्घटनापछि सशस्त्र प्रहरी बलको टोली तत्काल घटनास्थल पुगेर उद्धारकार्य गरेको थियो । सशस्त्र प्रहरी नायब उपरीक्षक लक्ष्मण बरालको कमाण्डमा खटिएको १५ सदस्यीय टोलीले हाइसमा सवार नौ जनामध्ये आठ जना घाइतेको उद्धार गरी उपचारका लागि चितवन मेडिकल कलेज, भरतपुर पठाइएको जनाएको छ ।

दुर्घटनामा कपिलवस्तुको कृष्णनगर नगरपालिका-२ निवासी २७ वर्षीया श्रद्धा अग्रवाल र १५ महिनाका नौसद रिसिङ अग्रवाल गम्भीर घाइते भएका प्रहरी नायब उपरीक्षक बरालले जानकारी दिनुभयो । उहाँका अनुसार सवारी चालक कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिका-२ निवासी २४ वर्षीय विष्णु घर्ती, कृष्णनगर नगरपालिका-२ का २६ वर्षीय ऋषभ अग्रवाल, २५ वर्षीया रिद्धिसिंह सिंहनिया, २३ वर्षीया सेरी सिंह, २७ वर्षीया शिवानी अग्रवाल र ३१ वर्षीय अरविन्द अग्रवाल घाइते भएका छन् ।

घटनास्थलमा अस्थायी प्रहरी पोष्ट बेल्डियाबाट प्रहरीको टोली खटिई दुर्घटनाग्रस्त सवारीसाधन नियन्त्रणमा लिएको छ । दुर्घटनाको कारणबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## सम्पादकीय ....

### लोकतन्त्रप्रति सचेत बन्नुपर्ने

नेपालको संविधानले निर्वाचन पद्धतिमा परिमार्जन तथा निर्वाचन क्षेत्र पुनरावलोकनका लागि मार्गप्रशस्त गरिदिएकै छ । राजनीतिक सहमतिका आधारमा आवश्यक परे संविधान संशोधन गर्ने तथा निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरी सोमार्फत निर्वाचन आयोगको सहयोगमा पारदर्शी रूपमा निर्वाचन क्षेत्र निर्धारण गर्न सकिनेछ । अहिलेको स्पष्ट बहुमतप्राप्त सरकारले संविधान संशोधनको बहसपत्र तयार गरिरहेको अवस्थामा यसबारे पनि आवश्यक पहल गर्न सक्छ । निर्वाचन क्षेत्र निर्धारणमा निश्चित राजनीतिक दललाई अनुचित लाभ हुनबाट रोकावट, सम्भावित उम्मेदवारको उपस्थितिको अवस्था, रोटेसनजस्ता विषयलाई पारदर्शी मापदण्ड र सार्वजनिक छलफलबाट सम्बोधन गर्न सकिन्छ । यसरी हेर्दा, १६५ सिटमा आधारित समावेशी प्रत्यक्ष निर्वाचन प्रणालीले नेपालको लोकतन्त्रलाई नयाँ उचाइ दिन सघाउ पुऱ्याउन सक्छ । यसले स्थिर सरकार र साँचो समावेशिता दुवैलाई एकैसाथ जोडेर लैजान सक्छ । वर्तमान सरकार, निर्वाचन आयोग, राजनीतिक दल र नागरिक समाजले यसबारे गम्भीर छलफल गर्न आवश्यक छ ।

नेपालको लोकतान्त्रिक यात्रा ००७ सालदेखि नै विभिन्न उतारचढाव पार गर्दै अगाडि बढिरहेको छ । ०६२/६३ को जनआन्दोलनपश्चात् २०७२ को संविधानमार्फत नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य कायम गरियो र निर्वाचन प्रणालीमा समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरियो । यसले महिला, दलित, जनजाति, मधेशी र पिछडिएका समुदायलाई केही हदसम्म संसद्मा प्रवेश दिलायो । तर, अहिलेसम्मको अनुभवले स्पष्ट के देखाएको छ भने हामीले अपनाएको मिश्रित निर्वाचन प्रणालीले न सरकारको स्थिरतालाई जोड दिएको देखिन्छ, न त साँचो समावेशी र जवाफदेही प्रतिनिधित्वकै ।

बारम्बार सरकार परिवर्तन, गठबन्धनको राजनीति, नीतिगत अस्थिरता र विकास निर्माणमा देखिने ढिलासुस्तीले जनतामा निराशा बढाउन निर्वाचन प्रणालीले कहीं न कहीं भूमिका खेलेको देखिन्छ । अर्कातर्फ, समानुपातिक सूचीबाट आएका जनप्रतिनिधि आमजनताप्रतिभन्दा पार्टी नेतृत्वप्रति बढी जवाफदेही प्रवृत्ति देखिएको छ । प्रत्यक्ष निर्वाचनमा महिला र पिछडिएका समुदायको प्रतिनिधित्व अत्यन्त न्यून छ । यही यथास्थितिलाई तोड्न पूर्ण प्रत्यक्ष निर्वाचन प्रणालीमा ३३ प्रतिशत महिला आरक्षण, जातिगत/समुदायगत समानुपातिक आरक्षण र हरेक पाँच वर्षमा रोटेसनको अवधारणामार्फत प्रतिनिधिसभाको सदस्य संख्या १६५ कायम गरी हाल रहेको समानुपातिक व्यवस्था हटाउनु सान्दर्भिक हुने देखिन्छ । नेपालजस्तो जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक विविधतापूर्ण देशमा समावेशिता अनिवार्य छ । ०७८ को राष्ट्रिय जनगणनाअनुसार देशको जनसंख्यामा खसआर्य ३०.१%, आदीवासी जनजाति २६.१%, मधेशी १६.१%, दलित १३.४%, थारूलगायत तराईका जनजाति ८.९%, मुस्लिमलगायत अन्य धार्मिक भाषिक समुदाय करिब ५.०४% रहेको देखिन्छ । यी समुदायलाई आफ्नो जनसंख्याका आधारमा राजनीतिक प्रक्रियामा समाहित नगरी साँचो लोकतन्त्र सम्भव हुने देखिँदैन ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक"** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## भिरमा अल्झिएको भेडागोठालाको जीवन

प्रतीक्षा आले

गोठ नजिकैको इसराङ भीरबाट खसेको भेडा समात्न हाम्फालेका चुमनुब्री ३ पाडसिङका ६७ वर्षीय लारा गुरुङ फर्किनुभएन । भेडा जोगाउन खोज्दा जीवन गुमाएका लारा न पहिलो व्यक्ति हुनुहुन्छ, न अन्तिम । उहाँको कथाले उत्तरी गोरखाको भेडा गोठालाको जीवन कति जोखिमपूर्ण छ भन्ने सवाल उजागर गरेको छ ।

समुद्री सतहबाट चार हजार मिटरभन्दा माथिको लेक, खर्कको बसाई, बेलाबेला खस्ने सुख्खा पहिरो तथा बाटोमा ढुङ्गा खस्ने समस्या, भौगोलिक कठिनाइ पनि उस्तै छ । जनशक्ति पलायनजस्ता समस्याले भेडागोठालाको जीवन झनै कष्टपूर्ण बन्दै गएको गोठालाहरुको गुनासो छ । यतिबेला उत्तरी गोरखाका भेडागोठालाहरु लेकतिर गोठ लैजाँदैछन् ।

पाडसिङ गोरखाको सबैभन्दा धेरै भेडापालन गर्ने गाउँ हो । त्यसैले यो भेडा गोठालाहरुको गाउँका रुपमा पनि चिनिन्छ । करिब १५० घरधुरी रहेको पाडसिङमा ७० घरधुरीका बासिन्दा भेडापालनमा संलग्न छन् । पाडसिङको भेडीगोठ अहिले गाउँको माथिल्लो लेकमा रहेको त्यहाँका भेडागोठाला रोहन गुरुङ बताउनुहुन्छ । भेडीगोठमै जन्मेहुर्केका उहाँसँग अहिले करिब तीन सय भेडा छन् । "एक महिना जति भयो यता आ'को, अहिलेसम्म गाउँ आसपासको लेकतिर छौं । बिस्तारै अझै माथिल्लो लेकहरुमा जान्छौं," उहाँले भन्नुभयो, "अब बिस्तारै-बिस्तारै गाउँबाट दुई-दिनको बाटो टाढाको लेक, बुद्ध हिमालको फेदतिर पुग्छौं ।" गाउँका कैयौं गोठाला युवा साथीहरु वैदेशिक रोजगारीमा गए पनि आफू भने भेडीगोठमै रमाएको उहाँ सुनाउनुहुन्छ ।

पाडसिङका रोहनजस्ता भेडागोठालाहरु हिउँदका दिनमा भेडा चराउँदै धादिङको बसेरी र लमजुङको विचौर हुँदै बाहुनडाँडासम्म पुग्छन् । बर्खामा हिमालका फेदहरुका पाटनमा बस्छन् । "ठ्याक्कै यही ठाउँ जाने भन्ने हुन्न । हाम्रो जीवन त घुमन्तेको जस्तो पो छ," उहाँ भन्नुहुन्छ, "हिँड्दै, हेर्दै, आफूलाई जता जाँदा ठीक लाग्छ, सजिलो लाग्छ त्यतै जाने हो ।" समुद्री सतहदेखि ३५ सयदेखि चार हजार मिटरसम्म अग्ला लेक, खर्क, पाटनमा जाने गरेको रोहनले सुनाउनुभयो । बर्खा सुरु भएसँगै माथिल्लो लेक जाने उहाँहरु दसैं लागेपछि मात्र गाउँ आसपासमा झर्ने गर्नुहुन्छ । "त्यतिबेला कोदो, मकैका बारीहरु खाली हुन्छ । त्यहाँ भेडा ल्याएर राख्न पाइन्छ," उहाँले भन्नुभयो ।

भेडागोठालाको जीवन त्यति सजिलो छैन । सास्ती पनि उस्तै, खर्चिलो पनि उत्तिकै छ । सरकारी बेवास्ताको कुरा त अझ परको कुरा । "लेकको कथाव्यथा छुट्टै छ तर गाह्रो त बेंसी झर्दा हुन्छ," रोहन भन्नुहुन्छ, "हिउँद्मा बेंसीमा घाँस पाउँदैन । हामी गोरखाको भेडा धादिङको बेंसी लैजाँदा त्यहाँ गाउँलेलाई चरनको पैसा तिर्नुपर्छ । लमजुङमा चाहिं तिर्नु पर्दैन । त्यसैले धेरैको गोठ त्यहीं थुप्रिन्छ । पछि-पछि त्यहाँ पनि घाँसको अभाव हुन्छ । मैले आफैँले धादिङको बेंसीमा बर्सेनि घाँसका लागि ४० देखि ४५ हजार रुपैयाँ तिरेर भेडा लैजान्छु ।"

भेडापालन गाहे काम भए पनि जसोतसो गुजारा भने चलिरहेको उहाँ बताउनुहुन्छ । रोहनले एक वर्षमा २० देखि २५ वटा भेडा बिक्री गरेर तीनदेखि चार लाख रुपैयाँ आम्दानी हुन्छ । "आफ्नो मिहिनेत र खर्चको त के कुरा भो र ! तीन लाखको बेचियो, चार लाखको बेचियो भन्ने मात्र हो", उहाँ भन्नुहुन्छ । सँगै जन्मे हुर्केका साथी विदेसिन्छन्, महिनाकै लाख कमाउँछन् तर यहाँ वर्षदिन कुरेर तीन-चार लाख हात पर्छ ।

"पहिलाभन्दा आजभोलि लेकबेंसी गर्न गाहे छ," उहाँ भन्नुहुन्छ, "धेरै ठाउँमा पहिरो जान्छ । बेला-कुबेला ढुङ्गा खस्दा गोठाला र भेडालाई जोखिम छ, भीरबाट खसेर, पहिरोमा परेर पनि थुप्रै भेडाहरु मर्छन् ।" अर्को मुख्य समस्या चरन क्षेत्रको अभाव हो । जलवायु परिवर्तनका कारण आजभोलि पहिले जस्तो घाँस पाउन छोडेको गोठालाहरु बताउँछन् । नयाँ विषालु झारहरु उम्रन थालेको उनीहरुको गुनासो छ । त्यस्तो घाँस खाएर पनि भेडा मरेका छन् । राम्रो घाँस खोज्दै उनीहरु टाढा, टाढा पुग्नुपर्ने बाध्यता छ । माथिल्लो लेक, खर्क र पाटनहरुमा घाँस पलाउन छाडेको माइलाको भनाइ छ । यस्तै भेडाहरुमा नयाँ रोग र प्रकोपहरु देखा पर्न थालेको उनको दुःखेसो छ । घाँसको कमी र बढ्दो नयाँ-नयाँ रोगका कारण भेडाहरुको तौल घट्ने, प्रजनन् क्षमता कमजोर हुने र उनीहरुबाट उत्पादन हुने ऊनको गुणस्तर तथा परिमाण दुवैमा गिरावट आएको उहाँले सुनाउनुभयो । भेडा व्यवसायमा जलवायु परिवर्तनको प्रत्यक्ष असर छ । यसका कारण रैथाने हिमाली भेडापालन व्यवसाय सङ्कटमा परेको छ र धेरै गोठालाहरुले यो पेसा नै छाड्न थालेका छन् । जलवायु परिवर्तनले भेडागोठालाहरुको लेकबेंसी गर्ने तालिका पनि प्रभावित भएको छ । पहिले वैशाख पूर्णिमापछि मात्र गाउँ भित्रने भेँडीगोठ आजभोलि फागुनमै उकालो लाग्ने गरेको माइलाको अनुभव छ । "बेंसी झर्दा पनि अब कताको बेंसी जाने भन्ने हिसाबले झारिन्छ । आजभोलि जाडोमा धेरै जाडो अनि गर्मीमा धेरै गर्मी हुन थालेको छ," उहाँले भन्नुभयो ।

भेडा गोठालाहरु चार-पाँच जनाको समूह बनाएर, भेडीगोठमा बस्ने गर्छन् । आलोपालो गर्दै गाउँ झर्ने, लेक चढ्ने चलन छ । उनीहरु भेडीगोठ बस्दा आवश्यक पर्ने खाद्य सामग्रीहरु बोकेरै लैजान्छन् । बेलाबखतमा गाउँबाट परिवारले आवश्यक खाद्य सामग्रीहरु लैजाने भेडा गोठालाहरु बताउँछन् । "भेडाको दूध, दही, घिउ, लेकमा पाउने जडिबुटी, माछा, मासु खाएर गुजारा चलाउँछौं । लेकको त संसारै छुट्टै हुन्छ । तलतिर के भयो केही थाहा पनि हुन्न । बास्ता पनि हुन्न", भेडा गोठाला रोहन गुरुङले भन्नुभयो ।

हिमालपारिको चुमनुब्री गाउँपालिका-३ पाडसिङ, ठूलो फिलिम, सानो फिलिम, पाती, देवल, आँगा, सर्स्यूँ, सिर्दिबास, न्याक, घट्टेखोला, नाग्चेतलगायत क्षेत्रका किसानले भेडाबाखा पालन गरेका त्यहाँका वडाध्यक्ष रामकुमार गुरुङ बताउँछन् । "कात्तिकतिर बेंसी झारेका भेडाबाखा वैशाख लागेपछि लेकको पाटन भरिभराउ भएका छन्," उहाँ भन्नुहुन्छ, "हरेक वर्ष हिउँद लागेपछि लेकका भेडाबाखा खोर्ला, सिङ्ला, लाप्राक, बारपाक, दूधपोखरी हुँदै लमजुङतिर झार्ने गर्छन् । कोही गोठालाले आर्खेत, आरुघाट, मान्चु हुँदै धादिङको बसेरी, सल्यानटारसम्म झार्ने गर्छन् ।" चैत-वैशाख लागेपछि पुनः लेक लैजाने चलन रहेको वडाध्यक्ष गुरुङको भनाइ छ ।

जिल्लाको चुमनुब्री गाउँपालिकामा २० हजार ९८५ भेडाहरु छन् । भेटेरिनरी अस्पताल तथा पशुविज्ञ केन्द्र गोरखाको अभिलेखअनुसार चालू आर्थिक वर्ष २०८२/८३ मा चुमनुब्री गाउँपालिकाका भेडामा सञ्चालित पूर्णखोप कार्यक्रममा उक्त सङ्ख्याको भेडा बाखाको तथ्याङ्क सङ्कलन भएको हो । भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र गोरखाको अभिलेखअनुसार आर्थिक वर्ष २०८१/८२ मा पालिकाको १६ हजार ५९८ भेडाबाखाहरुलाई पूर्ण खोप दिएको थियो ।

चुमनुब्रीको भेडाबाखाहरुलाई पूर्ण खोप लगाउन चुनौती रहेको उहाँले जानकारी दिए । फोन सम्पर्कसमेत हुन नसक्ने लेकमा गोठालाहरु पुग्ने हुँदा उनीहरुसँग सम्पर्क गर्न कठिन हुने गरेको कार्यालयको भनाइ छ । उहाँले भन्नुभयो, "उहाँहरु जुन सिजनमा गाउँ जानुहुन्छ, त्यही सिजनमा बुझेर सबैजनालाई खबर गरेर जान थालेका छौं ।"

बाह्रै महिना गोठमा जीवन बिताउने भेडा गोठालाहरु उधौली लागेपछि उँधो(बेंसी) झर्ने र उभौलीमा उँभो(लेक) चढ्ने चुमनुब्री-३ जगतका गणेश कार्की बताउनुहुन्छ । भेडागोठालाहरु जगत हुँदै उँधो, उँभो गर्ने उहाँको भनाइ छ । "उँधौली र उभौली लागेको भेडाले नै थाहा पाउने रहेछ । जब कात्तिक लाग्छ अनि अलिअलि जाडो बढ्न थाल्छ, भेडाहरु उँधो फर्केर चर्न थाल्छन् । अनि जब वैशाख लाग्छ र अलिअलि गर्मी हुन थाल्छ त्यसपछि भेडाहरु उँभो फर्केर चर्न थाल्छन्," उहाँ भन्नुहुन्छ, "उँधौली र उभौली लागेपछि यही जगतको बाटो हुँदै भेडाबाखा गाउँबेंसी गर्छन् ।"

चुमनुब्री गाउँपालिकाको पाडसिङ गाउँ जिल्लाकै धेरै भेडा पालन गर्ने गाउँ रहेको गाउँपालिका अध्यक्ष निमा लामाले बताउनुभयो । "यहाँको भेडा बारपाक, लाप्राक, बाहुनडाँडालगायत क्षेत्रमा पाल्न भनेर लैजाने गर्छन्," उहाँले भन्नुभयो । यद्यपि पछिल्लो समय भेडा पालनमा विभिन्न सङ्कटहरु देखिन थालेको पालिका अध्यक्ष लामा बताउनुहुन्छ । "मुख्यरुपमा जलवायु परिवर्तनको प्रत्यक्ष असर हिमाली क्षेत्रमा र यहाँको जनजीवनमा देखिएको छ," लामाले भन्नुभयो, "भेडापालन पनि सङ्कटमा परेको अवस्था छ । वैदेशिक रोजगारीले पनि यसलाई थप असर पुऱ्याएको छ ।" पालिकाले भेडा/बाखापालन गर्ने किसानलाई प्रोत्साहन दिन कार्यक्रम गरिरहे पनि बर्सेनि सङ्ख्या घटिरहेको उहाँको भनाइ छ ।

भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र गोरखाले भेडापालक कृषकलक्षित विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने गरेको केन्द्र प्रमुख अनन्त कोइरालाले बताउनुभयो । कार्यालयले पशुमा पूर्ण खोप कार्यक्रमअन्तर्गत भेडाबाखामा पूर्ण खोप कार्यक्रम, घुम्ती गोठ कार्यक्रम, भेडाहरुका लागि जुका तथा नाम्लेको औषधि वितरण, घुम्ती गोठका भेडा गोठालाहरुका लागि आवश्यक सामग्री सहयोगलगायतका कार्यक्रमहरु सञ्चालन गरेको छ ।

घुम्ती प्रणालीअन्तर्गत चरन क्षेत्रमा रहेका भेडा बाखाको स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, स्वास्थ्य परीक्षण, औषधि वितरण तथा किसानहरुलाई परामर्श कार्यक्रम पनि सञ्चालन गरेको कोइरालाले बताउनुभयो ।

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार,
**विज्ञापन बोर्ड**

# महिला र आदिवासीमा समावेशिताले ल्याएको उत्साह

चितवन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले विधान संशोधन गरी समावेशिताका आधारमा केन्द्रीय कमिटीमा प्रतिनिधित्व गराउने भएको छ ।

पार्टीको विधान संशोधन गरी समावेशी बनाउने प्रस्ताव केन्द्रीय समितिले पारित गरेपछि महाधिवेशनमा सहभागी महिला तथा आदिवासी प्रतिनिधिमा उत्साह थपिएको छ । विधान संशोधन प्रस्तावमा केन्द्रीय उपसभापति पदमा महिला अनिवार्य गरिएको छ । केन्द्रीय समितिका ९९ जनामध्ये प्रत्येक प्रदेशबाट पाँच जनाका दरले ३५ जना सदस्यलाई पूर्ण समावेशी बनाइएको छ । प्रत्येक प्रदेशबाट दुई जना महिला अनिवार्य हुनुपर्ने प्रावधान महाधिवेशनमा लगिँदै छ ।

प्रदेशमा उपस्थित जनसङ्ख्याको आधारमा गण्डकी र कोशी प्रदेशमा १-१ जना जनजाति तथा सुदूरपश्चिम र कोशी प्रदेशमा १-१ जना दलित अनिवार्य हुनुपर्नेछ । लुम्बिनी प्रदेशबाट एक जना थारु र मधेस प्रदेशमा मधेसी दलित अनिवार्य हुने गरी समावेशीताको सिद्धान्तलाई आत्मसात गरिएको छ । महाधिवेशनमा सहभागी प्रतिनिधिले समावेशिताको सिद्धान्तले सबै व्यक्तिलाई समान अवसर र सम्मान प्रदान गर्ने भन्दै खुसी व्यक्त गरेका छन् । विभिन्न पृष्ठभूमि, क्षमता र अनुभवह भएकालाई पार्टीमा सम्मानजनक उपस्थिति गराइ नीति निर्माण तहमा यस प्रावधानले पहुँच पुऱ्याउनेछ ।

कास्कीबाट प्रतिनिधित्व गर्दै महाधिवेशनमा आउनुभएकी पवित्रा थापाले समावेशीताको सिद्धान्तलाई पार्टीले अघि बढाएकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "रास्वपाले मात्र होइन, सबैले राजनीतिक दलले तह र क्षेत्रमा समावेशीता लाई अङ्गाल्नुपर्छ ।" समावेशितामा अझै सिमान्तकृत समुदायका विषय र सार्वजनिक न्यायका पक्षलाई मूलधारमा ल्याएर अघि बढ्नुपर्ने उहाँको सुझाव छ । थापाले भन्नुभयो, "देशको आर्थिक तथा भौतिक विकासलाई अघि बढाउन यस्तो कार्यले सहयोग पुग्छ ।"

मकवानपुरकी सुनिता राई समावेशिता समग्र रुपमा पार्टीको अवधारणाअनुसार नै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "महिलालाई विशेष प्राथमिकता दिएको छ । पार्टीलाई अझै अघि बढाउनका लागि राम्रो भूमिका खेल्छ ।"

समावेशिता र महिला सहभागिता वृद्धिले पार्टीलाई धेरै फाइदा पुग्ने बताउँदै उहाँले भन्नुभयो, "पार्टीले विविधतापूर्ण जनमतलाई आकर्षित गर्न सक्छ, जसले गर्दा फराकिलो आधारमा समर्थन प्राप्त हुन्छ ।

सिन्धुलीका यमकुमार गोले प्रतिनिधिसभा सदस्यको गत निर्वाचनपछि रास्वपालाई ढुक्कका साथ काम गर्ने अवसर प्राप्त भएको जनाउँदै पार्टीले समावेशिताको मुद्दाका विषयमा उठेका आवाजलाई ध्यान दिँदै काम गर्नुपर्ने बताउनुहुन्छ ।

विधान संशोधन गरेर समावेशिता बढाउन लागेकोमा खुसी प्रकट गर्दै पार्टीमा जनजातिको सङ्ख्या ठूलो भएकाले अझै समावेशी सङ्ख्या बढाउनुपर्ने उहाँको सुझाव छ ।

नवलपरासीकी सुनिता केसी समावेशिताले पार्टीको छवि अझ बलियो हुने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "समाजको विविधतालाई यसले सम्मान गर्छ ।" समावेशितालाई प्राथमिकता दिने पार्टीहरु न्याय, समानता र स्थिरता जस्ता मुद्दालाई अघि बढाएर दीर्घकालीन रूपमा बलियो राजनीतिक समर्थन पाउने उहाँको तर्क छ ।

महाधिवेशनका सहभागी सुकबहादुर तामाङ समानुपातिक समावेशिता सबै तिर मिलाउनुपर्ने बताउनुहुन्छ । पार्टीको विधानमा नै देशको कुना काप्चामा बस्नेको प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ । उहाँले भन्नुभयो, "अन्यथा फेरि पहुँचवाला, सेटिङवाला र टाठाबाठोको हातमा गऱ्यो भने भूगोल र मान्छे उही हुन् विगतको कमजोरी दोहरिने सम्भावना रहन्छ ।"

स्याङ्जाका मेघबहादुर आले संविधानअन्तर्गत विधान हुनुपर्ने भन्दै बहुजाती, धर्म-संस्कृति, बहुसांस्कृतिक र बहुभाषा झल्कने गरी पार्टीको केन्द्रीय समिति बन्नुपर्ने बताउनुहुन्छ ।

रुपन्देहीकी पार्वती ढकाल देशको विकासका लागि समावेशिता अत्यन्तै आवश्यक पर्ने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "पार्टीले गरेको यो निर्णय राम्रो छ । स्वागत योग्य छ । देशको विकासका लागि जातजाति, भूगोल सबैलाई समेटेर लैजानुपर्छ ।"

दैलेखका दिनेश राई पार्टीले समावेशिता लागू गरेर लग्यो भने देश निर्माण हुन्छ भन्नुहुन्छ । पार्टीले सबैलाई समेटेर अघि बढ्न सक्नुपर्ने उहाँको सुझाव छ । नेपालगञ्जकी लक्ष्मी तिवारी पार्टीले अघि बढाइएको समावेशिता सम्बन्धी विषय असल अभ्यास भएकाले यसले दलको आन्तरिक जीवनमा सकारात्मक नतिजा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

# कलाका माध्यमबाट विपद्सम्बन्धी चेतना दिइँदै

काठमाडौं । कार्टुनिष्ट क्लब अफ नेपालका अध्यक्ष वासुदेव श्रेष्ठ (वासु क्षितिज) ले विपद्बारे चासो राख्न र चनाखो हुन आह्वान गर्दै कार्टुन कला सिर्जना गर्नुभएको छ ।

दुई जना व्यक्तिबीच भएको संवादलाई उहाँले सामान्य मान्छेले पनि बुझ्ने भाषा र शैलीमा प्रस्तुत गरी चेतना दिने प्रयास गर्नुभएको हो । सामाजिक सञ्जालमार्फत कुनै पनि सामग्रीको चर्चा बढी हुने परिपाटीसँग विपद्लाई जोडेर उहाँले विपद्का सन्देशलाई आमनागरिकसम्म पुर्याउने प्रयास गर्नुभएको छ ।

संवाद यस्तो छ

एक पुरुष प्रश्न गर्छन्, "के सूचना पढिरा ? टिकटकमा केके भाइरल भइरहेको छ हेरम् त !" महिला जवाफ फर्काउँछिन्, "हेर वृद्धि ! विपद्बारे सूचनासहित आवश्यक जानकारी राख्न परेन ? चनाखो भइराख्न परेन ? भाइरलकै पछि कुदेर हुन्छ ?"

गम्भीर विषलाई रङ र रेखाका माध्यमबाट कार्टुनले असाधारण सन्देश दिएको छ । क्यानभासका दृष्य एउटै घरभित्रको संवाद रहेकाले उहाँहरू श्रीमान् श्रीमती हुन् भन्ने कुरा छुट्याउन गाह्रो छैन । श्रीमान् भाइरलको पछि दगुर्दा श्रीमती विपद्बारे चनाखो हुँदै अरुलाई पनि सन्देश बाँड्न व्यस्त देखिन्छिन् । श्रीमतीले श्रीमान्लाई भाइरलको पछि लाग्नभन्दा विपद्को सन्देशबारे चनाखो हुन र चासो दिन आह्वान गरिरहेको यो कार्टुन कला समाजलाई विपद्बारे बुझाउनका र झस्झस्याउन निक्कै सशक्त छ ।

अर्का कलाकार देवेन्द्र थुम्केलीको कार्टुनमा भारी हिमपात भइरहेको देखिन्छ । बाक्लो हिउँले सडक छोपिएको छ । वरपरका दृष्य हिउँले सेताम्य छन् । हिउँदे पुरिएर सानासाना रुख, बुट्टाका टुप्पा मात्रै देखिएका छन् । सडकका गाडीका हुट पनि हिउँले छोपिएको छ । चालक गाडी चलाउन डराइरहेका छन् । यत्तिकैमा यात्रुको मुखबाट फुत्त आवाज निस्किन्छ, "छिटो जाउँ न ! किन ढिला गरेको !!" चालक जवाफ फर्काउँछन्, "यस्तो हिमपातका बेला हिँड्नुहुन्न ! कस्तो स्वर्ग जाने कुरा गरेको !!"

यो कार्टुनले हिमपातबाट जोगाउन र जोगिन आग्रह गरिरहेको छ । यस्तै अर्को कार्टुनमा कलाकार सौरगङ्गा दर्शनधारीको चट्याङसँग बच्ने उपायका बारेमा छन् । चट्याङबाट बच्न घरभित्र गर्न नहुने कुराहरु उहाँले चित्रमार्फत देखाउनुभएको छ ।

विद्युतीय सामानको प्रयोग गर्न नहुने, झ्याल अगाडि बस्न नहुनेलगायत सन्देश उहाँले लेखेर अनि रङ र रेखाको संयोजन गरेर देखाउनुभएको छ । जस्तैः चट्याङका समयमा कपडामा आइरन लगाउन, मोबाइल चलाउन, टिभी हेर्न नहुने कुरा उहाँले कार्टुन कलामार्फत सन्देश दिनुभएको छ ।

अर्का कलाकार केशवराज खनालका तीन वटा कार्टुन छन् । एउटा कार्टुनमा विपद्का समयमा ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्ग र महिलालाई प्राथमिकता दिनुपर्छ भन्ने सन्देश दिनुभएको छ । अर्कोमा उहाँको वन डढेलो नियन्त्रणसम्बन्धी छ । अर्को कार्टुनमा वातावरण प्रदूषण नगरौं भन्दै माइकिङ गरिरहेको गाडी पनि धुवाँ उडाउँदै गरेको कार्टुन रहेको छ । यसले हाम्रो नेपालका सरकारी निकायका सवारीसाधनहो हालतलाई सङ्केत गर्दै वायु प्रदूषणबारे सचेत गराएको छ ।

राजेश मानन्धरले आफ्नो कार्टुनमा गर्मीको अवस्था र त्यसबारे जोगिने उपाए प्रस्तुत गर्नुभएको छ । रविनले भूकम्पको पूर्वतयारीका बारमा सन्देश बाँड्नुभएको छ । पानसिङ्ले ग्यासको सुरक्षित प्रयोगबारे कार्टुनमार्फत सिकाउनुभएको छ ।

यस्तैयस्तै विपद्का सन्देश बोकेका ४६ वटा कार्टुन अहिले नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको हलमा प्रदर्शन भइरहेका छन् । अन्य कार्टुनमा डोजरे विकाश, ट्राफिक नियम उल्लङ्घन, लुको जोखिम, घर निर्माणमा सावधानी, झटपट झोला, सर्पदंशलगायत विभिन्न विषय जोडेर व्याङ्ग्य र सचेतनामूलक सन्देश प्रस्तुत गरिएको छ ।

यही असार १० गतेसम्म प्रदर्शन हुने उक्त कार्टुन कला प्रदर्शनी कार्टुनिष्ट क्लब अफ नेपाल, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संयक्त सहकार्यमा आयोजना गरिएको हो ।

प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले भन्नुभयो, "कार्टुनमार्फत विपद्का सन्देश प्रस्तुत गर्दा सबैको मनमस्तिष्कमा बस्छ र सजिलै बुझ्नका लागि पनि कला माध्याम हुन्छ, त्यसैले यो सहकार्य गरिएको हो ।" उहाँले स्कुल तहदेखि कलामार्फत विद्यार्थीहरुलाई विपद्का बारेमा बुझाउँदै जानुपर्नेमा जोड दिनुभयो । अहिले मनसुनको समय छ । विपद्को संघारमा मुलुक रहेकाले यो कार्टुन कला समय सान्दर्भिक प्रदर्शनी भइरहेको छ ।

क्लबका अध्यक्ष क्षितिजले विपद् कुन बेलामा आउँछ भन्ने कसैलाई थाहा नहुने भएकाले पूर्वतयारी र पूर्वजानकारी दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "जोखिम हुनसक्ने मौसममा विपद्बारे जानकारी दिने सबैभन्दा उपयुक्त माध्यम नै कला हो । यसबाट मानिसले चाँडै बुझ्छ र बुझाउन सकिन्छ ।"

यस्ता कार्यक्रम आगामी दिनमा प्रदेश तथा स्थानीय तहमा लैजान पनि उहाँले प्राधिकरणलाई सझाव दिनुभएको छ । प्रतिष्ठानले गतवर्ष यसैगरी कार्टुन कला प्रदर्शन गरेको थियो । गत वर्षका कार्टुनसहित यसपाली संयुक्त रूपमा यहाँ कार्टुन प्रदर्शनी गरिएको हो । प्रदर्शनीमार्फत विपद्बारे जान्न र सचेत हुन महत्वपूर्ण योगलादन पुग्ने विश्वास गरिएको प्रतिष्ठानकी निवर्तमान प्राज्ञ परिषद् सदस्य सौरगङ्गा दर्शनधारीले बताउनुभयो ।

# आर्थिक गणनामा केही प्रतिष्ठानले विवरण दिन नमानेको खुलासा

काठमाडौं । सरकार र निजी क्षेत्रका सबै छाता संस्थाहरूको समन्वय र सहयोगमा सञ्चालन भएको 'आर्थिक गणना,२०८२' मा केही उद्योग तथा व्यवसायिक प्रतिष्ठानले सूचना दिन अस्वीकार गरेका छन् ।

राष्ट्रिय अभियानका क्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गरेको आर्थिक गणनामा केहीले जानकारी नपाएर तथा केहीले तथ्याङ्को गोपनीयता प्रति विश्वस्त नभएको भन्दै तथ्याङ्क उपलब्ध गराउन अस्वीकार गरेका हुन् ।

सङ्कलन गरिएका विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य राखिने छ । सामूहिक रूपमा तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिने भनेर पटकपटक तथ्याङ्क कार्यालयले स्पष्ट पार्दै आएको छ । व्यक्तिगत वा संस्थागत पहिचान खुल्ने गरी कुनै पनि विवरण सार्वजनिक नगरिने जानकारी दिँदै प्रमुख तथ्याङ्क अधिकारी डा कमलप्रसाद पोखेलले कहीकतै कोही बाँकी रहेको भए विवरण उपलब्ध गराइदिन आग्रह गर्नुभयो । तथ्याङ्क दिन अस्वीकार गर्नु फौजदारी अभियोग बराबर हुने भएकाले विवरण नलुकाउनसमेत उहाँले आग्रह गर्नुभयो ।

तथ्याङ्क कार्यालयले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उपप्रमुख तथ्याङ्क अधिकारी एवं प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार केहीले अज्ञानताका कारण सूचना दिन नमानेका हुन् । स्थानीय तहको विशेष सहयोगमा तथ्याङ्क दिन अस्वीकार गरेका व्यावसायिक प्रतिष्ठानको विवरण सङ्कलन गरिएको उहाँको भनाइ छ । कतिपयको भने अझै पनि बाँकी रहेका जानकारी दिँदै उहाँले कुनै पनि प्रतिष्ठान नछुट्न् भनेर आफूहरू सचेत रहेको उल्लेख गर्नुभयो ।

तथ्याङ्क दिन अस्वीकार गर्नेलाई कानुनी कारवाही गर्न सकिने व्यवस्था भए पनि त्यस्तो अवस्था नआउने तथ्याङ्क कार्यालयको विश्वास छ । विशेष गरी काठमाडौं उपत्यका र सहरी क्षेत्रका केही उद्योग, प्रतिष्ठान तथा व्यावसायिक सङ्घ संस्थाले राष्ट्रिय अभियानमा असहयोग गरेको भए पनि अन्तिमसम्म सबै विवरण सङ्कलन हुने विश्वास व्यक्त गरिएको छ ।

प्रवक्ता लामिछानेले गत चैत १ गतेदेखि यही असार ७ गतेसम्म गणनाको स्थलगत तथ्याङ्क सङ्कलन गर्ने समय सीमा निर्धारण गरिएको जानकारी दिनुभयो । असार मसान्तसम्म जिल्लास्तरमा जिल्ला आर्थिक गणना कार्यालय सञ्चालनमा रहने छ । गणनाको प्रक्रिया विधिमार्फत आशिंक विवरण भरेका, पूर्ण विवरण भर्न बाँकी रहेका प्रतिष्ठान, गणना छुट भएका र हामी छुट्यौं भन्ने सबैलाई बाँकी अवधिमा समेटिने छ ।

विवरण प्रशोधन गर्न छ महिना लाग्ने

आर्थिक गणनाबाट प्राप्त भएको विवरण प्रशोधन गर्न छ महिना लाग्नेछ । चार महिनाभित्र तथ्याङ्को कोडिङ तथा तथ्याङ्क प्रविष्ट गर्न समय लाग्नेछ । यस गण्नाबाट उद्योग, व्यापार, सेवा क्षेत्र, निजी तथा सार्वजनिक सङ्घ संस्थाको सङ्ख्या, भौगोलिक वितरण, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण सङ्कलन गर्ने मुख्य उद्देश्य राखिएको छ ।

यसबाट प्राप्त हुने तथ्याङ्का आधारमा देशको कूल गार्हस्थ्य उत्पादनका अनुमान सुदृढीकरण गर्न, राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गर्ने र सरकारले तय गर्ने नीति निर्माण र योजना तर्जुमा गर्न सहयोग पुग्नेछ । राज्यले तय गर्ने अल्पकालीन तथा दीर्घकालीन आर्थिक योजना, लगानी प्रवर्द्धन र रोजगारी सिर्जनामा अति आवश्यक विवरण प्राप्त गर्ने अपेक्षा गरिएको छ । राष्ट्रिय आर्थिक गणनामा तीन हजार ९०७ गणक, ५२६ सुपरिवेक्षक परिचालन भएको थियो । व्यवस्थापन समूहअन्तर्गत जिल्लामा ५०४, केन्द्रमा ५३ जनाको छ ।

१३ लाख ५१ हजारको विवरण

कार्यालयका अनुसार हालसम्म १३ लाख ५१ हजार १६७ वटा उद्योग, व्यावसायिक सङ्घ संस्था र प्रतिष्ठानको विवरण प्राप्त भएको छ । प्रवक्ता लामिछानेले कागजी प्रश्नावलीमा १३ लाख ४४ हजार ५०० र इ-सेन्सस मार्फत छ हजार ६६७ वटा विवरण प्राप्त भएको जानकारी दिनुभयो । छ । कार्यालयका अनुसार, २०७५ मा पहिलो पटक आर्थिक गणना गर्दा देशभर नौ लाख २३ हजार ३५६ वटा उद्योग प्रतिष्ठानको विवरण सङ्कलन भएको थियो । यस पटक १४ लाख २५ हजार बराबरको विवरण सङ्कलन हुने अनुमान गरिएको छ ।

असार मसान्तसम्म उक्त विवरण प्राप्त हुने प्रवक्ता लामिछानेले विश्वास व्यक्त गर्नुभयो । सो गणनाका लागि निजी क्षेत्रका छाता संस्थाहरू, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स, अन्य व्यवसाय सम्बद्ध सङ्घ संस्थालगायतले सम्झौता गरेका थिए ।

राष्ट्रिय रूपमा आर्थिक गणना र त्यसबाट प्राप्त हुने विवरण आर्थिक क्रियाकलापका लागि महत्वपूर्ण हुने भएकाले छाता संस्थाले खुलेर सहयोग गरेका थिए । एकाधले असहयोग गर्नु, विवरण दिन अस्वीकार गर्नु सामान्य भए पनि असार मसान्तसम्म सबै विवरण प्राप्त हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको भनाइ छ ।

# बजेटमाथिको सामान्य छलफल जारी

विराटनगर । कोशी प्रदेशसभाको सोमबारको बैठकमा आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट माथिको सामान्य छलफल जारी छ ।

आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिंथेपले राजस्व र व्ययको वार्षिक अनुमान माथि सामान्य छलफल प्रारम्भ गरियोस भनी सदनमा प्रस्ताव गर्नु भएपछि छलफल जारी भएको हो । छलफलमा प्रदेशसभा सदस्य प्रेमराज धाम्साइले बजेटको स्रोतको सुनिश्चितता गर्ने जिम्मेवारी सरकारको हो भन्दै शिक्षा र स्वास्थ्यमा ल्याएको कर नीतिले सीमान्कृत वर्ग मर्कामा पर्ने धारणा राख्नुभयो । उहाँले चिया निकासीमा भारत सरकारले गरेको अवरोधबाट नेपालका दर्जनौं चिया उद्योग ठप्प भएको, ५० हजारभन्दा बढी चिया मजदुरको रोजगार धरापमा परेको र चिया किसान पनि समस्यामा परेकाले सरकारले कूटनीतिक छलफल गरी यो विषयलाई छिनोफानो गर्नुपर्ने धारणा राख्नुभयो । सदस्य गीतादेवी रेग्मीले बजेटले सुशासन र जनताको जीवनस्तरलाई टेवा दिनसक्ने रहेको भनी खुसी व्यक्त गर्नुभयो । सदस्य खड्गबहादुर बस्नेत र डोल्मा तामाङले खानेपानीका लागि बजेटमा गरेको व्यवस्थाले प्रदेशका जनता निकै लाभान्वित हुने बताउनुभयो ।

## राहदानी विभागका महानिर्देशकसहित १६ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राहदानी छपाइ सम्बन्धी कार्यमा भ्रष्टाचार भएको अभियोगमा राहदानी विभागका महा निर्देशक तीर्थराज अर्यालसहित १६ जना तथा सम्वद्ध कम्पनी विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले सोमबार विभागका महानिर्देशक अर्याल, सूचना प्रविधि निर्देशक सुनिलकुमार केसीविरुद्ध रु १० अर्ब १३ करोड चार लाख ६१ हजार ४७७ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको हो । तत्कालीन निर्देशक शत्रुध्वन प्रसाद शर्मा पोखरेल, निर्देशक रवीन्द्र राजभण्डारी, लेखा अधिकृत तुलसीप्रसाद आचार्य, कम्प्युटर इञ्जिनियर विपीन प्रसाईं, शाखा अधिकृत सोमेश थापा विरुद्ध समान बिगो माग दाबी गरिएको छ । आयोगले परराष्ट्र मन्त्रालयका तत्कालीन उपसचिवद्वय राजाराम दाहाल र पुस्कर्रराज नेपाल (कानुन), उपसचिव (लेखा) भेषप्रसाद भूर्तेल विरुद्ध समान बिगो माग दाबी गरेको छ । राहदानीको ठेक्का लिएको जर्मन कम्पनी भेरिडास जिएमबिएचका नेपाल प्रतिनिधि सिद्धार्थ थापा विरुद्ध रु आठ अर्ब २२ करोड ३५ लाख चार हजार ४४४ बराबरको बिगो माग दाबी गरिएको छ ।

म्यूलबैरका नेपाल प्रतिनिधि मणिन्द्रराज मल्ल विरुद्ध रु एक अर्ब ९० करोड ६९ लाख ५७ हजार ३२ बराबरको बिगो दाबी गरिएको छ । बोलपत्रको सुरुवाती चरणबाटै गम्भीर अनियमितात र भ्रष्टाचार गरेको पाइएको भन्ने सूचनाका आधारमा आयोगले छानबिन गरेको थियो । राष्ट्रसेवक कर्मचारी र आपूर्तिकर्ता कम्पनीबीच आपसी मिलेमतो, योजना र संलग्नतामा गैरकानुनी लाभ प्राप्त गर्ने उद्देश्य राखिएको आयोगले उल्लेख गरेको छ ।

प्रचलित कानुनको प्रतिकूल हुने गरी बदनियमतपूर्वक बोलपत्र मूल्याङ्कन गरे गराएको, साथै प्रचलित कानुन विपरीत बोलपत्रहरुको प्राविधिक र आर्थिक मूल्याङ्कन गरी गराएको आयोगको ठहर छ ।

बदनियतपूर्वक राहदानी विभागलाई रु १० अर्ब १३ करोड चार लाख ६१ हजार ४७७ बराबरको हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको आरोपमा आयोगले आज मुद्दा दायर गरेको हो । आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार कानुन बमोजिम बिगो जरिवाना र कैद सजायको माग गर्दै मुद्दा दायर गरिएको छ ।

## तीन मन्त्रीद्वारा माडी जाने सडक निरीक्षण

भरतपुर । भरतपुर-माडी सडकखण्डअन्तर्गत चितवन राष्ट्रिय निकुञ्जभित्रको सडकको आज तीन जना मन्त्रीले निरीक्षण गर्नुभएको छ ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम र कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले सडकको स्थलगत निरीक्षण गर्नुभएको हो ।

सडकमा सवारी आवतजावतलाई सहज बनाउनका लागि तत्कालका लागि डिविएसटी पिच गर्ने र दीर्घकालीन रुपमा समस्या समाधनका लागि ध्रुवघाटमा पक्की पुल निर्माण गरेर व्यवस्थित सडक निर्माण गरिने पूर्वाधार विकासमन्त्री सुनिल लम्साललले बताउनुभयो । मन्त्री लम्साललले ध्रुवघाटको पुल र सडकको निर्माणका लागि छिट्टै टेण्डर खोलिने बताउनुभया । हुलाकी सडकखण्ड अन्तर्गत पर्ने यो सडक माडीबाट भरतपुर आउने एक मात्र सडक हो । अहिले वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को काम भइरहेको छ । ध्रुव पोष्टबाट राप्ती नदीमा ५०० मिटर लामो पुल निर्माण गरिने चितवन-३ का सांसद तथा मन्त्री सोविता गौतमले बताउनुभयो । उहाँले निकुञ्जभित्र सडकको बैकल्पिक रेखाङ्कन भइरहेको जानकारी दिनुभयो ।

माडी जाने बाटो भ्रण्डै पाँच किलोमिटर छोटो हुनेछ । यो सडक भरतपुरबाट माडी ठोरी हुँदै वीरगञ्जसम्म पुग्छ । भरतपुरबाट भारतको सीमावर्ती क्षेत्र भिखना ठोरी जानका लागि यही मार्ग छोटो

## फक्ताङलुङमा पहिरो जाँदा दुई घरमा क्षति

ताप्लेजुङ । गएराति वर्षासँगै आएको बाढी र पहिरोले जिल्लाको फक्ताङलुङ गाउँपालिकामा दुई घर तथा अलैँची बगानमा क्षति पुऱ्याएको छ । फक्ताङलुङ गाउँपालिका-१ का दुर्गा कटुवाल र गणेश कटुवालको घरमा पहिरोले क्षति पुऱ्याएको हो ।

फक्ताङलुङ-१ का वडाध्यक्ष यज्ञप्रसाद लिम्बूका अनुसार दुर्गा कटुवालको घरमा नरेन्द्र लिम्बू बसोबास गर्दै आउनुभएको थियो । पहिरोका कारण उहाँले निर्माण गर्नुभएको गोठमा समेत क्षति पुगेको छ भने बाख्रासहित पशुचौपाया बगाएको छ । दुवै घर बसोबासका लागि असुरक्षित बनेको वडाध्यक्ष लिम्बूले बताउनुभयो । दुवै घरका परिवार छिमेकीको घरमा गएर बस्ने तयारीमा छन् ।

सावाँ खोलामा आएको बाढीले धेरै किसानका अलैँची बगानमा क्षति पुऱ्याएको छ । गएराति परेको अविरल वर्षापछि खोलामा बाढी आएको थियो । यता, मेरिङ्देन र मिक्वाखोला गाउँपालिकामा सञ्चालित जलविद्युत् आयोजनाहरूमा पनि क्षति पुगेको जनाइएको छ ।

## शिक्षा पत्रकारका लागि क्षमता वृद्धि तालिम



काठमाडौँ । विज्ञ तथा सरोकारवालाले गुणस्तरीय शिक्षा सुनिश्चिता तथा शैक्षिक विसङ्गतिको अन्त्यका लागि खोजमूलक समाचारमा ध्यान दिन जोड दिनुभएको छ । शिक्षा पत्रकारका लागि आयोजित क्षमता वृद्धि तालिममा शैक्षिक सवालमा घटना प्रधान मात्र नभई गहन समाचार लेखनमा जोड दिइएको हो ।

शिक्षा पत्रकार समूह र शिक्षा नीति तथा अभ्यास केन्द्रले सोमबार आयोजना गरेको क्षमता वृद्धि तालिमका क्रममा वरिष्ठ पत्रकार एवं 'शिक्षक' मासिकका सम्पादक राजेन्द्र दाहालले शिक्षा पत्रकारले कक्षा कोठा, पाठ्यपुस्तक र पाठ्यक्रमभित्रका अन्तरकुन्तर उभिनेर मुद्दा स्थापित गर्न सक्नुपर्ने बताउनुभयो । प्रेस काउन्सिल नेपालका पूर्वअध्यक्षसमेत रहनुभएका दाहालले कुनै परीक्षाको नतिजा कति प्रतिशतले घट्यो वा बढ्यो भन्नेभन्दा पनि के कारणले त्यस्तो भयो भन्नेतर्फ केन्द्रित हुन सुझाउनुभयो ।

शिक्षा विश्लेषक टीका भट्टराईले शिक्षाको सारभूत अर्थ बुझेर विश्वस्तरमा सक्षम नागरिक उत्पादन उत्पादनमा विषयवस्तुमा अनुसन्धानमूलक पत्रकारिता हुन सकेमा शिक्षाको सुधारमा टेवा पुग्ने बताउनुभयो । उहाँले शिक्षाको अर्थ सिक्नु, केही गर्नु र आत्मज्ञान हुनु मात्र नभई सहअस्तित्व र मानवीयताको विकास पनि भएकाले त्यस पक्षलाई मनन् गरेर विषकेन्द्रित पत्रकारिता आवश्यक छ भन्नुभयो । समूहका अध्यक्ष निर्जला कक्षपतिले शिक्षा पत्रकारको क्षमता वृद्धि र सम्पर्क सञ्जाल विस्तारमा आफूहरुले ध्यान दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा समूहका पूर्वअध्यक्षहरु सुदर्शन घिमिरे, प्रकाश सिलवाल, तुला अधिकारी, विश्लेषक अनुप सुवेदीलगायतले शिक्षा विकास र पत्रकारिताका अशल अभ्यासबारे अनुभव आदानप्रदान गर्नुभएको थियो ।

## ठूला अस्पतालमा बर्न युनिट

काठमाडौँ । मुख्य स्वास्थ्य समस्या बन्दै गएको जलनको उपचारलाई सहज र सर्वसुलभ बनाउने सरकारी प्रतिबद्धता कार्यान्वयनमा जान थालेको छ ।

सरकारको १०० दिनभित्र गरिसक्ने १०० बुँदे प्रतिबद्धताअन्तर्गत अधिकांश अस्पतालमा जलन उपचारलाई सहज बनाउन थालिएको हो । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका प्रवक्ता डा समीरकुमार अधिकारीले मन्त्रालयको पहल र निर्देशन अनुरुप १४ वटा सङ्घीय अस्पतालमा जलन उपचार युनिट स्थापना भएका छन् ।

अहिलेसम्म चारवटा प्रादेशिक अस्पतालमा शय्या सङ्ख्यासमेत छुट्याएर सेवा प्रवाह हुन थालेको छ । हालसम्म १०९ स्वास्थ्यकर्मीलाई एकदिने र २१७ जनालाई छ दिन जलन उपचारको विशेष तालिम प्रदान गरिएको छ ।

हालसम्म कान्तिबाल अस्पताल, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, कोशी अस्पताल, नारायणी अस्पताल, भरतपुर अस्पताल, डडेलधुरा अस्पताल, भेरी अस्पताल, चिकित्सा विज्ञान राष्टिय प्रतिष्ठान-वीर अस्पताल, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जलन उपचारका लागि छुट्टै वार्ड स्थापना गरिएका छन् ।

गैरसरकारीस्तरबाट कीर्तिपर अस्पतालमा जलन उपचारको विशेष युनिट छ । यसका साथै धौलागिरी प्रादेशिक अस्पताल, सङ्खुवासभा जिल्ला अस्पताल, सुर्खेतस्थित प्रादेशिक अस्पताल र हेटौँडास्थित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरी १८ वटा अस्पतालमा जलन उपचार वार्डको व्यवस्था गरिएको छ । जलनको उपचार सामान्यदेखि अत्यन्त जटिलसम्मको हुनसक्ने हुँदा जलनको मात्र छुटै अस्पताल स्थापना गर्नुभन्दा सुविधा सम्पन्न अस्पतालमा जलन उपचार युनिट राख्नु बढी प्रभावकारी देखिएको प्रवक्ता अधिकारीले बताउनुभयो ।

"जलनसँगै प्लास्टिक सर्जरीदेखि संवेदनशील अङ्गको उपचारसमेत सँगै गर्नुपर्ने अवस्था आउने भएकोले त्यसो गर्न खोजेका हौँ", प्रवक्ताले थप्नुभयो । अहिले गरिएको ब्यवस्थाबाट आमजनताले जलन प्रारम्भिक उपचार नजिकैको अस्पतालमै भेटाउन सक्ने अवस्था तयार भएको छ । सरकार गठनपछि घोषणा भएको १०० दिने प्रतिबद्धतामा 'जलन उपचारका लागि प्रदेशस्तरमा सुविधा सम्पन्न अस्पतालको अभाव हुँदा मृत्युदर, अपाङ्गता र दीर्घकालीन पुनःस्थापनाको समस्या बढ्ने अवस्थाको समाधान गर्न' जलनसम्बन्धी उपचारलाई १०० बुँदेभित्र समेटेको थियो ।

## उपभोक्ता मूल्य सूचकांक संकलन राष्ट्रिय तथ्यांक कार्यालयले गर्ने



काठमाडौँ । नेपाल राष्ट्र बैंकले देशव्यापी रुपमा सङ्कलन गर्दै आएको उपभोक्ता मूल्य सूचकांक (सिपिआई) अब राष्ट्रिय तथ्याङ्क कार्यालयले सङ्कलन गर्ने भएको छ । मुद्रास्फीति मापन, आर्थिक नीति निर्माण, तलब तथा भत्ता समायेजन, जीवनयापन लागत मापन गर्न उक्त विवरण महत्वपूर्ण रहँदै आएको छ ।

केन्द्रीय बैंकले नियमित रुपमा उपभोक्ता मूल्य सूचकाङ्क तथा मुद्रास्फीति सम्बन्धी तथ्याङ्क सार्वजनिक गर्दै आएको छ । राष्ट्रिय तथ्याङ्क परिषद्को आजको बैठकले राष्ट्रिय तथ्याङ्क कार्यालयलाई नै उक्त जिम्मेवारी प्रदान गरेको प्रमुख तथ्याङ्क अधिकारी डा कमलप्रसाद पोखेलले जानकारी दिनुभयो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो । आगामी एक वर्षसम्म तथ्याङ्क सङ्कलन, प्रशोधन तथा प्रकाशनका लागि नेपाल राष्ट्र बैंकलाई सहयोग गर्नेछ । तथ्याङ्क कार्यालयका कर्मचारी, प्राविधिक जनशक्ति एक वर्षसम्म केन्द्रीय बैंकको सहयोगमा काम गर्ने र क्रमशः तथ्याङ्क कार्यालयमा हस्तान्तरण हुनेछ ।

लामो समयसम्म उपभोक्ता मूल्य सूचकाङ्कको काम राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेपनि पछि केन्द्रीय बैंकले जिम्मा लिएर प्रकाशन गर्दै आएको छ । केन्द्रीय बैंकले हरेक महिना विवरण सार्वजनिक गर्दै आएको छ ।

प्रमुख तथ्याङ्क अधिकारी पोखेलले महत्वपूर्ण जिम्मेवारी प्राप्त भएको जानकारी दिँदै तथ्याङ्कको दोहोरापना हटाउन सहयोगी सिद्ध हुने विश्वास व्यक्त गर्नुभयो । "हामीले महत्वपूर्ण जिम्मेवारी प्राप्त गरेका छौँ, यसले हामीलाई थप सबल बनाउनेछ भने तथ्याङ्क कार्यालयलाई पनि काम उपलब्ध हुनेछ", पोखेलले भन्नुभयो । संरचनागत सुधार, स्रोत तथा साधनको उपलब्धतालाई समेत ख्याल गरेर सङ्क्रमणकालीन रुपमा एक वर्षसम्म केन्द्रीय बैंकको सहयोगमा काम गर्ने र क्रमशः तथ्याङ्क कार्यालयले जिम्मेवारी लिने उहाँको भनाइ छ । सात दिनमा तथ्याङ्क सङ्कलन, प्रशोधन तथा महिना दिनमा प्रकाशन गर्नुपर्ने भएकाले उपभोक्ता मूल्य सूचकांकको काम आफैमा चुनौतीपूर्ण रहेको उहाँले उल्लेख गर्नुभयो ।

हाल तथ्याङ्क कार्यालयले त्रैमासिक रुपमा उपभोक्ता मूल्य सूचकाङ्कको काम गर्दै आएको थियो । कार्यालयलाई थप सबल सक्षम र कामकाजी बनाउने उद्देश्यका साथ राष्ट्र बैंकले गर्दै आएको जिम्मेवारी प्राप्त भएको जानकारी दिँदै प्रमुख तथ्याङ्क अधिकारी पोखेलले यसलाई गौरवको रुपमा लिनुपर्ने तर्क गर्नुभयो ।

उहाँले तथ्याङ्कको दोहोपना हट्ने र मौद्रिक नीति तय गर्ने केन्द्रीय बैंकले नै उपभोक्ता मूल्य सूचकाङ्कको काम गर्दा आउने आलोचना समेत कम भएर जाने विश्वास व्यक्त गर्नुभयो । "आवश्यक तयारीका लागि केही समय लाग्छ, त्यसपछि हामी हामी आफै सबल र सक्षम बन्छौं । तत्कालका लागि राष्ट्र बैंककै साधन र स्रोत उपयोग गरेर काम गर्छौं", उहाँले भन्नुभयो ।

ङ्हयोला ङ्हये च्हाबा बारे सेन्तोसी थोबा तामगदे

- भर्खर न्हवाबा कोलादा न्हवाबा १ घण्टा भित्र ङ्हयोला ङ्हये च्हानाङ् । कोलादा ठिक ग्यामर थान्सी ङ्हये च्हाबासे ङ्हये खबादा मद्दत लमु ।
- न्हवाबा कोलादा न्हिँ थेन म्हान् लसी कम्तिमा १० देखि १२ फेर ङ्हये च्हानाङ् ।
- कोलादा तोगोबा जम्मान पौष्टिक तत्व ङ्हयोला ङ्हयेरी याङ्बा तबासे कोला न्हवाबादेखि ६ महिना धोना ङ्हयोला ङ्हये जे च्हानाङ् ।
- कोलासे पट्टि गिकला ङ्हये चुसी सिसी ह्राङ सेन ख्लाबा लिच्छा जे अर्को पट्टिला ङ्हये च्हानाङ् ।

अनुरोध लबा : जनस्वास्थ्य कार्यालय, धादिङ ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com